# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०६।०५ गते।

# प्रेस विज्ञप्ति

**विषय:** <u>सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बत्तिसौं बार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७८/७९) पेश गरेको सम्बन्धमा।</u>

१. सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू समक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले आज मिति २०७९ साल असोज ५ गते नेपालको संविधानको धारा २९४ बमोजिम आयोगको बत्तिसौं बार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७८/७९) राष्ट्रपतिको कार्यालय, महाराजगञ्जमा आयोजित विशेष समारोहकाबीच पेश गर्नुभयो।

२. सम्माननीय राष्ट्रपतिज्यूले आयोगको बत्तिसौं बार्षिक प्रतिवेदन ग्रहण गर्नुहुँदै संवैधानिक दायित्वअनुरुप कार्यसम्पादन गरी बार्षिक प्रतिवेदन पेश गरेकोमा आयोगलाई धन्यवाद दिनुभयो। सुशासन कायम गर्न उच्च मनोवल र नैतिकताका साथ अघि बढ्नुपर्ने औंल्याउँदै सम्माननीय राष्ट्रपतिज्यूले यस अभियानमा सबैको साथ रहनुपर्ने बताउनुभयो।साथै आयोगले आफ्नो भूमिका निर्वाह गर्दा सदाचार, निष्पक्षता र निर्भीकतालाई आत्मसात गरेकोमा खुसी व्यक्त गर्नु भयो । त्यसै गरी व्यक्तिगत स्वार्थ पूरा गर्ने प्रवृत्तिले मुलुकलाई गम्भिर असर पार्ने भएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका नियामक निकायले सुशासन कायम गर्ने कार्यमा भूमिका निर्वाह गरेको विश्वास व्यक्त गर्दै आयोगले अनुसन्धानलाई अझै बैज्ञानिक बनाउन आयोगको संस्थागत क्षमता विकास आवश्यक रहेको बताउनु भयो । आयोगको वार्षिक प्रतिवेदनमा उल्लिखित विषय प्रसंशनीय रहेको र आयोगले संवैधानिक तथा कानुनी विषयमा दिएका सुझाबहरूको नेपाल सरकारले कार्यान्वयन गर्ने बताउँदै आयोगलाई थप सफलताको लागि शुभकामना समेत व्यक्त गर्नुभयो ।

३. आयोगको बत्तिसौं बार्षिक प्रतिवेदन पेश गर्नुहुँदै माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले आर्थिक बर्ष २०७८/७९ मा आयोगले सम्पादन गरेका प्रमुख कामकारबाहीहरुको संक्षिप्त विवरण सारांशको रुपमा प्रस्तुत गर्दै आयोगलाई थप सुदृढ, उत्तरदायी र जिम्मेवारपूर्ण ढंगले क्रियाशील बनाउन एवम् संविधान र कानुनले तोकेको जिम्मेवारीलाई पूर्ण सक्षमताका साथ पूरा गर्न आयोगको संस्थागत रणनीतिक योजना २०७६/७७-२०८०/८१ को मध्यावधिक समिक्षाबाट प्राप्त सुझाव समेत समेटी योजनाको प्रभावकारी कार्यान्वयन गर्ने बताउनुभयो । त्यस्तै माननीय प्रमुख आयुक्तज्यूले विगतमा तय गरिएका प्राथमिकतालाई समयानुकुल परिमार्जन गरी अघि बढाउने गरी आगामी कार्यदिशा तय गर्ने तथा सो बमोजिमका चारवटै रणनीतिमा केन्द्रित रही नवीनतम् विधि र प्रविधिहरू अवलम्बन गरी कामकारबाहीहरू अघि बढाउने बताउनुभयो।

४. कार्यक्रममा बोल्दै माननीय प्रमुख आयुक्तज्यूले संवैधानिक जिम्मेवारी र भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने कामप्रति आयोग प्रतिबद्ध रही सक्षमता, निष्पक्षता, निर्भिकता र स्वतन्त्रताकासाथ कार्यसम्पादन गर्न प्रतिवद्ध रहेको कुरा बताउनुभयो। मुलुकमा सुशासनको लागि भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा सरकारका तीनै तह, अंग एवं निकायहरू,गैरसरकारी तथा निजी क्षेत्र, नागरिक समाज,सञ्चारजगत, अन्तर्राष्ट्रिय समुदाय एवं आम नागरिकबाट प्राप्त साथ, सहयोग र ऐक्यवद्धताका लागि धन्यबाद व्यक्त गर्दै आगामी दिनमा समेत सहयोग, समन्वय र सहकार्यको अपेक्षा आयोगले गरेको बताउँनु भयो । माननीय प्रमुख आयुक्तज्यूले आयोगको वार्षिक प्रतिवेदन पेस गर्ने कार्यक्रममार्फत आयोगलाई सुझाव तथा मार्गदर्शन प्रदान गरी हौसला बढाइ दिनुभएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता समेत व्यक्त गर्नुभयो।

५. आयोगको बत्तिसौं बार्षिक प्रतिवेदन पेश गर्ने समारोहमा आयोगका आयुक्तहरु माननीय किशोर कुमार सिलवाल, माननीय जय बहादुर चन्द, माननीय डा. हरि पौडेल, माननीय डा. सुमित्रा श्रेष्ठ अमात्य, आयोगका सचिव, महाशाखा प्रमुख र कर्मचारीहरुका साथै राष्ट्रपतिको कार्यालयका सचिव तथा कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।

६. आयोगले पेश गरेको ६ परिच्छेद् संलग्न ४४९ पृष्ठको प्रतिवेदनमा आयोगको परिचय, आयोगवाट भएका निर्णय, अनुसन्धान र अभियोजनसम्बन्धी कार्यको विश्लेषण, भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरु, संस्थागत सुदृढीकरणमा आयोगको क्रियाशीलता, भ्रष्टाचारजन्य कार्यहरुको प्रवृत्ति विश्लेषण, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न आयोगवाट नेपाल सरकारका तीनवटै तहहरुलाई दिइएका सुझावहरु, आयोगको रणनीति र आगामी कार्यदिशा तथा उपसंहार लगायतका विषयहरु समावेश रहेका छन्।

**प्रतिवेदनमा उल्लिखित मूल बिषयहरु देहायबमोजिम रहेका छन्:**

१. आर्थिक वर्ष २०७८/०७९ मा आयोगमा विभिन्न माध्यमबाट कूल १६,२३८ उजुरीहरूप्राप्त भएका थिए।साथै, अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ८,०९३ उजुरीहरू सहित कारबाही गर्नुपर्ने उजुरीहरू २४,३३१ वटा रहेका थिए। अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा उजुरीको कुल संख्या २२,६२५ रहेको थियो।

२. यस अवधिका उजुरीमध्ये १७,१६९ वटा उजुरी अर्थात ७०.६ प्रतिशत प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका छन्। अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा भने कुल २२,६२५ उजुरीमध्ये १४,५३२ उजुरी अर्थात ६४.२३ प्रतिशत उजुरी प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका थिए ।

३. आर्थिक वर्ष २०७८/७९ मा फछ्र्यौट भएकामध्ये ८२३ वटा उजुरीउपर विस्तृत अनुसन्धान गरिएको, ५,३०२ उजुरी तामेली गरिएको, ४७४ उजुरीउपर सुझाव दिई तामेली गरिएको र १०,५७० उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारबाही गरिएकोछ। प्रारम्भिक छानबिनको क्रममा रहेका ७,१६२ उजुरी आर्थिक वर्ष २०७९/०८० मा जिम्मेवारी सरेर आएका छन् । आर्थिक वर्ष २०७७/७८ का ८,०९३ उजुरी आर्थिक वर्ष २०७८/७९ मा जिम्मेवारी सरेर आएका थिए।

४. प्राप्त उजुरीमध्ये सबैभन्दा बढी संङ्घीय मामिला (स्थानीय तह समेत) सँग सम्बन्धित ३३.१ प्रतिशत रहेका छन् । त्यसपश्चात, क्रमशः शिक्षा (स्थानीय तहसमेत)१५.३ प्रतिशत, भूमि प्रशासन ७.७ प्रतिशत, वन तथा वातावरण ४.६ प्रतिशत, स्वास्थ्य तथा

जनसंख्या ३.९ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायात ३.८ प्रतिशत, गृह प्रशासन ३.७ प्रतिशत, पर्यटन, उद्योग तथा वाणिज्य ३.२ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिंचाइ ३.१ प्रतिशत, खानेपानी तथा शहरी विकास २.९ प्रतिशत, अर्थ १.९ प्रतिशत, कृषि तथा पशुपन्क्षी १.९ प्रतिशत र संचार तथा सूचना प्रविधिसँग सम्बन्धित ०.९ प्रतिशत उजुरी रहेका छन्। त्यसैगरी, नक्कली शैक्षिक प्रमाण-पत्र ५.७ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जन ४.८ प्रतिशत र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित उजुरीहरू ३ प्रतिशतरहेका छन् ।

५. आर्थिक वर्ष २०७८/०७९ मा आयोगका ७९ वटा बैठक मार्फत ९७५ वटा निर्णय गरीएको छ। अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा भने ९६ वटा बैठक बसी ६५३ वटा निर्णय भएका थिए ।

६. प्रतिवेदन अबधिमा आयोगबाट १३१ वटा आरोपपत्र विशेष अदालतमा दर्ता भएका छन्। जसमध्ये सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसँग सम्बन्धित ३५ वटा, गैरकानुनी लाभ हानिसँग सम्बन्धित ३४ वटा, घुस/रिसवतसँग सम्बन्धित ३२ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ७ वटा, शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ६ वटा, राजस्व चुहावटसम्बन्धी ५ वटा र विविध विषयका १२ वटारहेका छन् । उल्लिखित आरोपपत्रहरूबाट कुल ६३९ जनालाई प्रतिवादी बनाईरु. २,७९,२७,४८,१००।११ (दुई अर्ब, उनान्असी करोड, सत्ताइस लाख, अठ्चालिस हजार, एक सय रुपैयाँ एघार पैसा) बिगो मागदाबी लिइएको छ।

७. अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा जम्मा ११३ वटा आरोपपत्रहरु विशेष अदालतमा दायर भएका थिए भने कुल ४४३ जनालाई प्रतिवादी बनाई एक अर्ब, उनान्नब्बे करोड, सत्चालिस लाख, पैंतीस हजार, चार सय चौंतिस रुपैयाँ (रु. १,८९,४७,३५,४३४) बिगो मागदाबी लिइएको थियो ।

८. आर्थिक वर्ष २०७८/०७९ मा आयोगले घुस/रिसवत सम्बन्धी ३२ वटा आरोपपत्रहरू दायर गरेको छ जुन संख्या विगतका वर्षमा भन्दा केहि कम रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा यो संख्या ७० रहेको थियो । तथापि विगतमा आयोग आफैले

प्रमाणको लागि रिसवतमा मागिएको  रकम उपलब्ध गराउने गरेकोमा हाल सेवाग्राही आफैले रकम व्यवस्था गर्नुपर्ने कारण समेतले यस्तो उजुरीमा कमी आएको पाइएको छ।

९. आयोगबाट विगत वर्षहरूमा विशेष अदालतमा दायर भएका आरोपपत्रहरूमध्ये आर्थिक वर्ष २०७८/०७९ मा १४८ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ। जसमध्ये ५७ वटा अर्थात् ३८.५% फैसलाहरूमा भ्रष्टाचारजन्य कसुर कायम भएको छ। अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा कुल ११३ फैसला प्राप्त भई ८१ अर्थात ७१.६८% मुद्दामा आयोगलाई सफलता मिलेको थियो । सर्वोच्च अदालतको फैसलाबमोजिम रङ्गेहात कारवाहिमा आयोगले प्रमाणको लागि उपलब्ध गराएको रकममार्फत भएका कारवाहीसम्बन्धी मुद्दाहरू खारेज गरेको कारण कसुर कायम हुने अनुपातमा कमी आएको देखिएको छ।

१०. विशेष अदालतबाट भएका फैसलाहरूमध्ये आर्थिक वर्ष २०७८/०७९ मा ५७ वटा फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ भने अघिल्लो बर्षमा यो संख्या ५८ रहेको थियो ।

११. त्यसैगरी आर्थिक वर्ष २०७८/०७९ मा विस्तृत अनुसन्धान भएका उजुरीहरूमध्ये आयोगको निर्णय अनुसार सम्बद्ध निकायहरूलाई ८० वटा सुझाव दिइएको, ६३७ वटा उजुरी विस्तृत अनुसन्धान पश्चात तामेलीमा राखिएको र विभिन्न अदालतमा मुद्दा विचाराधिन रहेकाले ९ वटा उजुरीहरू मुल्तवीमा राखिएको छ।

१२. आयोगमा परेका उजुरीहरू र अनुसन्धान पश्चात आयोगले दायर गरेका आरोपपत्रबाट घुस/रिसवत लिने दिने, सार्वजनिक सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, गैरकानुनीरूपमा सरकारी/सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, सार्वजनिक खरिद तथा निर्माणका काममा बदनियत राखि व्यक्तिगत लाभ लिने तथा नेपाल सरकारलाई हानि पुर्‍याउने, गैरकानूनीरूपमा सवारीचालक अनुमतिपत्र जारी गर्ने, गलत लिखत वा प्रतिवेदन बनाउने, परीक्षाको परिणाम फेरबदल गर्ने, गैरकानुनीरूपमा

सम्पत्ति आर्जन गर्ने, राजस्व चुहावट/हिनामिना गर्नेजस्ता भ्रष्टाचारजन्य कार्यहरू भएको देखिएको छ ।

१३. आयोगले उपचारात्मक कार्यहरूका अतिरिक्त भ्रष्टाचार हुनै नदिन निरोधात्मक र भ्रष्टाचार विरूद्ध जागरण अभिवृद्धि गर्ने प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन गर्ने गरेको छ। निरोधात्मक कार्यतर्फ, सरकारी कार्यालयहरूको कार्य सरलीकरण, सूचना प्रविधिको प्रयोग गरी अभिलेख व्यवस्थापन एवं सेवा प्रवाहमा सुधार गर्ने जस्ता सुझावहरू लेखी पठाइएको एवं आयोगमा सूचना प्रविधियुक्त कार्यवातावरण सिर्जना गर्ने र कार्यविधि परिष्कृत गर्ने कार्यहरू भएको छ।

१४. त्यसैगरी, यस अबधिमा आयोगबाटसञ्चालन भएका प्रवर्द्धनात्मक कार्यक्रममध्ये विद्यालयहरूमा सञ्चालन गरिएका ४१ वटा सामुदायिक शिक्षा कार्यक्रममा ४,२६० जना विद्यार्थी तथा शिक्षकहरू र ४६ वटा अन्तरक्रिया कार्यक्रममा निर्वाचित/मनोनीत पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, सरोकारवालालगायत ४,६०१ जनाको सहभागिता रहेको थियो।

१५. साथै, आयोग र नेपाल टेलिभिजनको सहकार्यमा "सुशासन सवाल"विषयक कार्यक्रमको ५२ भागसाप्ताहिकरूपमा प्रसारण भईभ्रष्टाचार विरूद्ध नागरिकको भूमिका रकर्तव्यका साथै आयोगबाट भएगरेका कामकारबाहीका सम्बन्धमा सूचना, जानकारीतथा सन्देश प्रवाह गरिएको छ ।

१६. आयोगबाटतत्काल तथा क्रमशः गर्नुपर्ने सुधारका कार्यहरू सहितको चौंथो संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१)को मध्यावधिक समीक्षाबाट प्राप्त सुझाव समेत समेटी योजनाको प्रभावकारी कार्यान्वयन गर्ने र विगतमा तय गरिएका प्राथमिकतालाई समयानुकुल परिमार्जन गरी अघि बढाउने गरी आगामी कार्यदिशा तय गरिएको छ ।

१७. आयोगबाट भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन सम्बन्धी विगत वर्षमा दिइएका सुझावको कार्यान्वयन अवस्थाको समीक्षा एवं प्राप्त पृष्ठपोषण, आयोगमा परेका उजुरी, र

भ्रष्टाचारजन्य प्रवृत्ति विश्लेषणका आधारमा यस प्रतिवेदन मार्फत सुझावहरू प्रदान गरिएको छ। यसमानीति तथा कानून, सार्वजनिक सेवा प्रवाह, सुशासन प्रवर्द्धन र नैतिक आचरण, निर्वाचन प्रणाली, सार्वजनिक निकायको दायित्व, अनुदान वितरण, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापनसँग सम्बन्धित छन्

१८.त्यसैगरी, नेपाल सरकारका विषयगत निकायहरू, प्रदेश सरकार एवं स्थानीय तहसँगसम्बन्धित विभिन्नसुझावहरू समेत प्रदान गरिएकोछ। यी सुझावहरूलाई संघ, प्रदेश तथा स्थानीय तहका सम्बद्ध सरकारी निकायहरूबाट गम्भीरतापूर्वक लिई उचित सम्बोधन हुनेछभन्ने आयोगले विश्वास लिएको छ

१९.संवैधानिक जिम्मेवारीनिर्वाह गर्ने एवं भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने राज्यकोनीतिको प्रभावकारी कार्यान्वयन गर्न आयोग निर्भिकता, निश्पक्षता र सक्षमताकासाथअघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

२०.मुलुकमा सुशासनको लागि भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा सरकारका तीनै तह, अंग एवं निकायहरू,गैरसरकारीतथा निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगत, अन्तर्राष्ट्रिय समुदाय एवं आम नागरिकबाट प्राप्त साथ, सहयोग र ऐक्यवद्धताका लागि धन्यबाद दिंदैसबैकोसहयोग र सहकार्यको निरन्तरताको अपेक्षा गरिएको छ।

२१.आगामी दिनमा आयोगलाई अझ बढीसक्षमता एवं कर्तव्यनिष्ठाका साथ अगाडि बढ्न मार्गनिर्देशन र सुझावको आयोगले अपेक्षा गरेको छ ।

**<u>नेपाल सरकारलाई दिइएका मुख्य-मुख्य सुझावहरुः</u>**

**भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि** (UNCAC) **को कार्यान्वयन गर्न** निजी तथा गैरसरकारी क्षेत्रको भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउने,विद्यालयस्तरीय पाठ्यक्रममा सुशासन प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्ने लगायतका सुझावहरु दिईएको छ।

**सार्वजनिक सेवा प्रवाहतर्फ**, कर्मचारीको नियुक्ति तथा पदस्थापन गर्दा अनिवार्यरूपमा कार्यविवरण प्रदान गर्ने, सेवा प्रवाह गर्ने स्थानहरूमा **CCTV**राखी त्यसको भण्डारणलाई कानुनले तोकेको अवधिसम्म सुरक्षित राख्ने, जिम्मेवारी पूरा नगरेको कारणबाट हुने

सार्वजनिक हानि नोक्सानीका लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउने लगायतका सुझाबहरू प्रदान गरिएकोछ।

त्यसैगरी, **सुशासन, सदाचार र नैतिक आचरण** तर्फ, राजनीतिक नियुक्ति हुने पदहहरूमानियुक्त हुनुअघि र पदाधिकार समाप्त भए पछि सम्पत्ति विवरणअनिवार्यरूपमा सार्वजनिक गर्न कानुनी व्यवस्था मिलाउने, सार्वजनिक क्षेत्रमा देखिएको सदाचारिता तथा नैतिक आचरणको विचलनलाई रोक्न संघीय शासन प्रणाली अनुरूपको राष्ट्रिय सदाचार नीति निर्माण गरी लागू गर्ने जस्ता सुझावहरू रहेका छन्।

**निर्वाचन प्रणाली सुधार गर्न** राजनीतिक दल सञ्चालनको लागि पारदर्शी र वस्तुगत मापदण्ड बनाई लागू गर्ने, निर्वाचनको प्रचारप्रसार, कार्यकर्ता परिचालनजस्ता कार्यमा गरिने खर्चको मापदण्ड र आचारसंहिता कडाईका साथ लागू गर्ने लगायतका सुझाब दिइएको छ।

**अनुदान वितरण तर्फ,** सार्वजनिक निकायले मापदण्ड बिना अनुदान प्रदान नगर्ने, अनुत्पादक क्षेत्रको अनुदानलाई निरूत्साहित गर्ने, बैंकिङ प्रणालीमार्फत मात्र भुक्तानी दिने, संघ,प्रदेश र स्थानीय तहबाट हुने सेवा तथा विकास कार्यसम्बन्धी अनुदानबीच प्रभावकारी समन्वय गराई दोहोरोपना हुन नदिने जस्ता सुझावहरू प्रदान गरिएको छ।

**सार्वजनिक खरिद व्यवस्थापन अन्तर्गत** खरिदसम्बन्धी कानुनमा पटक पटक हुने गरेको संशोधनले कार्यान्वयनमा अस्थिरता रहने हुँदादीर्घकालीन समाधानको लागि सरोकारवाला पक्षहरूसँग राय सुझाव लिई परिमार्जन गर्ने, प्रतिस्पर्धा संकुचित हुने तथा टुक्रे खरिद गर्ने कार्य निषेध गरी गुणस्तरीय तथा स्वस्थ प्रतिस्पर्धा हुने व्यवस्था मिलाउने, बजेटको सुनिश्चितता, आयोजनाको सर्भे/डिजाइन/लागत पुनरावलोकन, लाभ लागत विश्लेषण, वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ति, निर्माणस्थलको तयारी लगायतका सार्वजनिक खरिद कानुनको प्रावधानबमोजिम पूर्व तयारीपश्चात मात्र बोलपत्र आह्वानसम्बन्धी कार्य गर्नुपर्ने लगायतका सुझावहरू दिइएको छ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी